## खण्ड -१

# घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल
सुखड, कैलाली

## निःशुल्क औषधि तथा औषधिजन्य सामाग्री खरिद सम्बन्धि शिलवन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रकाशित मिति: (२०७७/०६/२०)

यस घोडाघोडी नगरपालिका,कैलाली मातहतका स्वास्थ्य संस्थाहरुका लागी शशर्त अनुदान तर्फ विनियोजित बजेट अन्तरगत आ.व. २०७७/०७८ का लागी निःशुल्क औषधि तथा औषधिजन्य सामाग्री खरिद कार्यका लागी शिलवन्दी दरभाउको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले आपूर्ती गर्न चाहने नेपाल सरकारबाट ईजाजत प्राप्त उत्पादक कम्पनी तथा सप्लायर्स फर्महरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउ पत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१। शिलवन्दी दरभाउ पत्र फाराम राष्ट्रीय स्तरको पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् मिति २०७७/०७/०४ गते सम्म रु १०००।- (अक्षरेपी एक हजार मात्र, पछि फिर्ता नहुने) तिरी प्राप्त गरेको रसिद पेश गरी दरभाउपत्र खरिद गर्नु पर्ने छ ।

२। खरिद गरेको शिलवन्दी दरभाउ पत्र रीतपूर्वक भरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र घोडाघोडी नगरपालिकाको कार्यालय सुखड कैलालीमा शिलवन्दी दरभाउ पत्र दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका दरभाउ पत्रहरुु सोही दिनको २:०० बजेदेखि दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउ पत्र वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३। दरभाउ पत्र खरिद गर्न चाहने फर्म वा कम्पनीले आ.व.०७६/७७ का लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र, आ.व.२०७६।०७७ को कर चुक्ताको प्रमाण, मु.अ.कर दर्ता प्रमाणपत्र, र फर्मको आय व्ययको लेखा परिक्षणको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि, खरीद कार्वाहीमा भाग लिन अयोग्य नभएको लिखित स्वघोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयबाट दरभाउ पत्रदाता वा निजको अधिकृत प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछन् ।

४) दरभाउ-पत्र साथ धरौटी वापतको रकम कृषिविकास बैंक सुखड स्थित घोडाघोडी नगरपालिका, सुखड कैलालीको धरौटी खाता नं. (०८२२३००४१११५१०९९) मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरीएको दरभाउ पत्र पेश गर्ने र अन्तिम मितिबाट कम्तीमा ९० (नब्बे) दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

५) शिलवन्दी दरभाउ पत्र खोल्ने र बिक्रि गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खोलिने दिनलाई अन्तिम दिन मानिनेछ ।

६) म्याद नाघी र रीत नपुगी प्राप्त भएको शिलवन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

७) नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउ पत्रहरु पूर्ण वा आंशिक, स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) दरभाउपत्र फाराम भर्दा आफूले पेशगरेको रकम अक्षर र अंकमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ ।

९) यस सम्बन्धि विस्तृत जानकारीको लागि दरभाउपत्र फाराम (Sealed Qoatations Document), अध्ययन गर्न हुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालयको फोन नं. ०९१-४०३०५४ मा सम्पर्क गर्न सकिने छ ।

१०) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

तपसिल:

| सि.नं. | ठेक्का/दरभाउ पत्र नं. | कामको विवरण | लागत अनुमान रु. | धरौटी वापतको रकम रु (२.५%) |
|---|---|---|---|---|
| १. | ०१-०७७/७८(स्वास्थ्य) | औषधि तथा औषधिजन्य सामाग्री खरिद | १,६४०,०००।- (मु.अ.कर सहित) | ४१०००। |

कार्यालय प्रमुख

खगेन्द्र बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत